# सचिव बैठक- २०७७/०९/०१

## निर्णयहरु

१. लुम्बिनी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लोक सेवा आयोग, केन्द्रिय कार्यालयबाट सरुवा भई आउनुभएका सचिव श्री खगेन्द्र प्रसाद सुवेदीलाई स्वागत गरियो ।

२. प्रदेश मातहतका मन्त्रालय/निकायहरुले प्रत्येक महिनाको ७ गते भित्रै तोकिएको ढाँचामा सचिव/कार्यालयको प्रमुखको जानकारी गराएर मात्रै मासिक प्रगति पठाउने व्यवस्था मिलाउने ।

३. प्रदेश सरकार सञ्चालनका लागि आवश्यक पर्ने कानूनहरु र तीनको संख्या पहिचान गरी अब बन्नुपर्ने कानूनहरुको सूची तयार गर्ने । बनिसकेका ऐनहरुको कार्यान्वयनका लागि नियमावली बनाउने विषयमा पहल गर्ने ।

४. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) सम्बन्धी ऐन, २०७७ बमोजिम नवगठित प्रदेश समन्वय परिषद्को बैठकबाट संबोधन हुनुपर्ने मन्त्रालय/ निकायगत विषयवस्तु रहेको भए मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शासकीय सुधार तथा समन्वय महाशाखासँग समन्वय गरी विषयवस्तुहरु समावेश गराउने व्यवस्था मिलाउने ।

५. प्रदेश स्थापनाको ३ वर्षे पुस्तिका प्रकाशन गर्ने सन्दर्भमा आ-आफ्ना निकायहरुसँग सम्बन्धित महत्वपूर्ण उपलब्धिहरु, उदाहरणीय कार्यहरु लगायतको विवरण तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गठित प्रदेश स्थापनाको ३ वर्षे पुस्तिका प्रकाशन कार्यदललाई उपलब्ध गराउने व्यवस्था मिलाउने ।

६. लुम्बिनी प्रदेशको स्थायी राजधानी स्थापनाको सन्दर्भमा मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा प्रदेश पूर्वाधार विकास प्राधिकरणसँग समन्वय गरी आवश्यक सूचना जानकारी लिने एवं समन्वय गर्ने ।